### दक्षिणी पात डढुवा रोगको व्यवस्थापन

- रोग प्रतिरोधी जातहरू छनोट गर्दा पनि यो रोगबाट बच्न सकिन्छ ।
- कार्बेन्डाजिम युक्त विषादी २ ग्राम प्रति केजीका दरले बीउको उपचार गर्ने ।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने पनि यो रोगबाट बच्न सकिन्छ ।
- यो रोगको लागि अन्तिम उपाय भनेको डाईथेन एम ४५ २ ग्राम प्रति लिटर पानीमा मिसाएर ७ देखि १० दिनको फरकमा २ देखि ३ पटकसम्म छर्ने वा कृषि प्राविधिकको सिफारिसमा रासायनिक विषादी छर्ने ।

## डाउनी मिल्ड्यु रोग (Downy Mildew)



डाउनी मिल्ड्यु रोग *Sclerospora sacchari/S. phillipinesis/ Sclerophthora ravssiaes var. zeae* भन्ने ढुसीबाट लाग्ने गर्छ । यस रोग लाग्दा पातको लम्बाई तिर रङ्ग उडेको धर्काहरु देखिन्छन् । शुरुमा धर्काहरु सेता वा हल्का पहेंला हुन्छन् पछी खैरा-पहेंला हुन्छन् । ओसिलो मौसममा पातको तल्लो सतहमा मसिनो ढुसी देखिन्छ । बोट पुड्को हुनु, घोगा नलाग्नु, बिरुवाको आकार बिग्रनु यस रोगको मुख्य लक्षणहरु हुन् ।

### डाउनी मिल्ड्यु रोगको व्यवस्थापन

- रोग प्रतिरोधि जातहरूः रामपुर २, रामपुर कम्पोजिट प्रयोग गर्ने ।
- स्वस्थ बीउको प्रयोग गर्ने ।
- मेन्कोजेब ७५% डब्लु पी ३ ग्राम वा मेटाल्याक्सिल ८% + मेन्कोजेब ६४% मिश्रित विषादी २ ग्राम प्रति केजीका दरले बीउको उपचार गर्ने ।

## बीउ कुहिने तथा बेर्ना डढ्ने रोग (Seed Rot & Seedling Blight)

यो रोगले भर्खर उम्रन लागेका बीउहरुमा संक्रमण गरी कुहाउँछ । यसका साथै उम्रिन लागेका वा उम्रेका कलिला बिरुवाहरूलाई आक्रमण गरी मार्दछ । यो रोग माटोमा भएका ढुसीहरु *Fusarium/Phythium* का कारणले लाग्ने गर्दछ । सुरुमा बिरुवाका पातहरु पहेंलो हुँदै ओइलाउँछन् र अन्त्यमा बिरुवा नै मर्दछ । पानीको निकास राम्रो नभएको ठाउँमा यो रोगको प्रकोप बढी हुन्छ ।



### बीउ कुहिने तथा बेर्ना डढ्ने रोगको व्यवस्थापन

- पानी निकासको राम्रोसंग व्यवस्था मिलाउने ।
- बाली चक्र अपनाई खेती गर्ने ।
- थिराम विषादी २ ग्राम प्रति केजीका दरले बीउको उपचार गर्ने ।


प्रकाशक

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**



फोन नं.: ०८१-५३००२७/३०२२५
Email : akcbanke@gmail.com
Website: akcbanke.gov.np



आ.व. २०८१/८२


# मकैमा लाग्ने मुख्य रोगहरु र तिनको व्यवस्थापन

## डाँठ कुहिने रोग (Stalk Rot)

डाँठ कुहिने रोग विभिन्न किसिमका ढुसी जस्तैः *Pythium spp, Fusarium spp, Erwinia spp* बाट लाग्ने गर्छ । यो रोग लाग्दा बोटहरू ओइलाउने र पातहरू पानीले भिजेको जस्तै हुन्छ र त्यसपछि जमिन भन्दा एक वित्ता माथिको भागमा खैरो रंगको लामो धर्का जस्तो लक्षण बढ्दै गएर जरैसम्म कुहिएर जान्छ । कुहिने प्रक्रिया तलबाट माथि सर्दै जान्छ । कुहिएको डाँठ गनाउँछ र बोट ढलेर जाने र मर्ने समस्या देखिन्छ ।



### डाँठ कुहिने रोगको व्यवस्थापन

- रोग/कीरा प्रतिरोधि जातहरूः रामपुर पहेंलो, रामपुर कम्पोजिट, हेटौडा कम्पोजिट, सर्लाही सेतो, मनकामना १, ३, देउकी आदि छनोट गर्ने र रोग लाग्ने सम्भावना भएको ठाउँमा छिटो पाक्ने जातको मकै लगाउने ।
- बालीमा मलखादको प्रयोग सन्तुलित मात्रामा गर्ने।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने पनि रोगबाट बच्न सकिन्छ ।
- सहि समयमा उचित बीउ दर प्रयोग गरी उचित दुरीमा

बीउ रोप्दा बालीमा लाग्ने रोग कम गर्न सकिन्छ ।

- रोगले ग्रषित बिरूवाहरू उखेलेर नष्ट गरिदिने ।
- रोगी बिरुवा र ठुटाहरु जम्मा गरेर जलाउने ।
- अन्तिम हतियारको रुपमा रासायनिक विषादी जस्तै डाईथेन एम ४५ २ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्दा रोगको एक हद सम्म रोकथाम गर्न सकिन्छ ।

## मकैको घोगा र दाना कुहिने रोग (Cob and Kernel Rot)



मकैको घोगा र दाना कुहिने रोग *Fusarium graminearum* र *Fusarium verticilliodes* भन्ने ढुसीबाट लाग्ने गर्छ । यो रोगले मकैको सुरुको अवस्थामा पात पहेंलिने र पात सुक्ने लक्षण देखाउँछ । यो रोगले घोगा अथवा दाना गुलाबी वा रातो रंगमा परिवर्तन भएर कुहिन्छ ।

### मकैको घोगा र दाना कुहिने रोगको व्यवस्थापन

- रोग प्रतिरोधी जातहरुः गणेश २, मनकामना १ आदि प्रयोग गर्ने ।
- ट्राईकोडर्मा ६ ग्राम वा कार्बेन्डाजिम ५०% डब्लु पी २ ग्राम वा कार्बोक्सिन १७.५% + थिराम १७.५% मिश्रित विषादी २ ग्राम प्रति के.जी बीउको दरले बीउको उपचार गरी बीउ रोप्ने ।
- मकैलाई घाम लागेको दिनमा मात्र भित्र्याउनु पर्छ ।
- समयमा नै मकै छर्नु पर्छ ताकी मकै भित्र्याउँदा पानी पर्ने समस्याबाट बच्न सकिन्छ ।
- भित्र्याएको मकैलाई भण्डारण गर्नु भन्दा अगाडी ३-४ दिन घाममा सुकाउनु पर्छ ।
- रोगको प्रकोप अत्याधिक हुने डाइथेन एम ४५ विषादी घोगा लाग्ने बेला बोटमा छर्ने ।

## ध्वाँसे थेग्ले रोग (Gray Leaf Spot)




ध्वाँसे थेग्ले रोग *Cercospora zeae maydis* भन्ने ढुसीबाट लाग्ने गर्छ । सुरुमा सानो पहेंलो थोप्लो जस्तै देखिन्छ, पछि बढ्दै जाँदा यो थोप्लोको आकार बढेर पातको नशासँगसँगै बढ्दै जान्छ । यो देखा परेका थोप्लाहरूले पछि हुँदा पातलाई नै मार्छ र यो रोगले ग्रषित पातहरूमा ढुसी हुने भएकोले सामान्यतया पातहरू खैरो रंगको देखिन्छ ।

### ध्वाँसे थेग्ले रोगको व्यवस्थापन

- रोग हावाको माध्यमबाट सर्ने भएकोले खेतमा र खेत नजिकै भएका झारपात निकालेर सफा गर्नुपर्छ ।
- समय भन्दा अगाडी रोपेको मकैमा भन्दा पछि रोपेको मकैमा यो रोग बढी लाग्ने भएकोले यो रोगबाट बच्नको निम्ति मकै लगाउने समय भन्दा हल्का अगाडी रोप्ने र घुम्ति बाली अपनाउने ।
- सहि समयमा उचित बीउ दर प्रयोग गरी उचित दुरीमा बीउ रोप्दा बालीलाई यो रोगबाट बचाउन सकिन्छ ।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने यो रोगबाट बच्न सकिन्छ ।
- रोग प्रतिरोधि जातहरूः गणेश १, मनकामना १, ३ वा ६, देउती वा हिलपुल पहेंलो आदिको खेती गर्ने ।
- २० ग्राम प्रति के.जी दरमा ट्राईकोडर्माको प्रयोग गरेर बीउको उपचार गर्नुपर्छ ।
- रोग देखा पर्ने बित्तिकै कार्बेन्डाजिम ५०% डब्लु पी १ ग्राम वा मेन्कोजेब ७५% डब्लु पी ३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्ने ।

## टर्सिकम ब्लाइट रोग (Turcicum Leaf Blight)



टर्सिकम ब्लाइट रोग *Setosphaeria turcica* वा *Exserohilum turcicum* भन्ने ढुसीबाट लाग्ने गर्छ । यो रोग लागेका पातमा डुङ्गा जस्ता आकारका थोप्लाहरू देखिन्छन् पछि यि थोप्लाहरू एक आपसमा जोडिंदा रोग लागेको पात डढेको जस्तो देखिन्छ ।

### टर्सिकम ब्लाइट रोगको व्यवस्थापन

- रोग प्रतिरोधि जातहरू प्रयोग गर्ने ।
- रोगले ग्रषित बिरूवाहरू उखेलेर नष्ट गर्ने ।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने पनि यो रोगबाट बच्न सकिन्छ ।
- ट्राईकोडर्मा ६ ग्राम प्रति के.जी अथवा थिराम ७५% ई.सि २ ग्राम प्रति केजी बीउको दरले बीउको उपचार गर्ने ।
- रोगको प्रकोप अत्याधिक हुने क्षेत्रमा अन्तिम विकल्पको रुपमा रासायनिक विषादी कृषि प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्ने ।

## दक्षिणी पात डढुवा रोग (Southern Leaf Blight)



दक्षिणी पात डढुवा रोग *Helminthosporium maydis* भन्ने ढुसीबाट लाग्ने गर्छ । सुरुमा पातमा स-साना रातो वा खैरो थोप्लाहरू देखा पर्छन् र पछी पूरै पातलाई ढाक्छ । यो रोगले मकैको प्राय सबै भागमा असर गर्ने भएकोले घोगा परिपक्व नहुँदै झर्न थाल्छ ।